# काठेखोला गाउपालिका

बिहुँ, बागलुङको

## दोश्रो गाउसभा-२०७४

काठेखोला गाउँपालिकाका अध्यक्ष श्री अमर बहादुर थापाज्युद्धारा प्रस्तुत

## प्रगति प्रतिवेदन

शिक्षित, सक्षम, समुन्नत, आत्मनिरभरता र समृद्धि तर्फ उन्मुख यस काठेखोला गाउँपालिकाको गरिमामय दोश्रो गाउँसभा २०७४ मा सहभागिता जनाउनु भएका आमन्त्रित गाउँसभाका सभासद ज्युहरु, कर्मचारी मित्रहरु यहाँहरु सबैमा काठेखोला गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।

सर्बप्रथम नयाँ नेपाल निर्माणको क्रममा बिभिन्न कालखण्डमा भएका नेपालको लोकतान्त्रिक आन्दोलनमा आफ्नो प्राण आहुति दिनुहुने ज्ञात अज्ञाात महान सहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दै भावपुर्णश्रदाञ्जली अर्पण गर्दछु। साथै ती लोकतान्त्रिक जनआन्दोलनहरुमा घाईते हुनु भएका जनआन्दोलनका घाईते योद्धाहरु प्रति उत्तिकै सम्मान व्यक्त गर्दैसिघ्र स्वास्थ्यलाभको कामना गर्दछु त्यसै गरि यस गाउँपालीकाका उपाध्यक्ष श्री अर्जुन बहादुर खत्री लामो समय विरामी परि उपाचारको क्रममा रहनु भएकोमा उहाको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु।

काठेखोला गाउँपालिकाको ऐतिहासिक प्रथम गाउँसभाद्धारा अनुमोदित एवम बिनियोजित योजना तथा कार्यक्रमहरुलाईसमर्थन गर्दै व्यापक जनताहरुको सक्रिय सहभागितामा उत्साहपुर्ण ढंगले ति योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नुभएकोमा सम्पुर्ण काठेखोलाबासी जनताहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।ति योजनाहरुमा आफु प्रत्यक्ष सहभागि भएर काम गर्नुभएकोमा योजनाका सम्पुर्ण उपभोक्ता समितिका पदाधिकारी एवं सदस्यज्युहरुलाई पनि हार्दिक धन्यबाद दिन चाहन्छु। साथै योजना सञ्चालनमा सहजीकरण गर्नुहुने काठेखोला गाउँपालिका सम्पुर्ण वडाका वाड अध्यक्ष , कार्यपालिकाका सदस्य वडा सदस्यज्युहरु प्रति पनि उत्तिकै आभार एवम कृतज्ञता व्यक्त गर्दछु। योजना सञ्चालन प्रक्रियामा हाम्रा कर्मचारी मित्रहरुले पुराउनुभएको सहयोगको उच्च मुल्याङ्कन गर्दै सम्पुर्ण कर्मचारी मित्रहरु प्रति पनि हार्दिक आभार एवम कृतज्ञता व्यक्त गर्दछु। साथै काम सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमहरु पनि तिब्र गतिमा सञ्चालन एवम सम्पन्न गर्न यहाँहरु सबैमा हार्दिक अपिल गर्दछु।

सिंगो मुलुक आर्थिक समृद्धि र सामाजिक रुपान्तरण सहित युगान्तकारी परिवर्तनको दिशामा उन्मुख बनिरहेको छ । विकास र परिवर्तनको स्वर्णिम लहरहरु एक पछि अर्को गर्दै झांगिदै गहिरहेका छन । दैनिक जनजीवनका कामहरु सहज र सजिलो बन्दै गहिरहेका छन । जनताको मलिन र निराश अनुहारमा थोरै भएपनि चमक थपिएको छ, र त्यही चमकरुपी अनुहारमा मुस्कुराउदै जनताहरु आफ्नो गाउँको विकासमा आज आफै खटिरहेका छन । कोही मोटरबाटो खन्ने काममा ब्यस्त छन । कोही खानेपानीको पाईप गाड्न ब्यस्त छन । कोही बिद्यालयको मर्मत सम्भार गर्न ब्यस्त छन । कोही प्रर्यटनको पुर्वाधार निर्माणमा ब्यस्त देखिन्छन त कोही ब्यवसायिक खेति निर्माणका लागि आधार सिर्जनागर्नमा तल्लिन देखिन्छन । यसरी आज हरेक जनताहरु समाज विकासको कुनै न कुनै काममा आफ्नो प्रत्यक्ष सहभागिता जनाईरहेका छन । भने तिनै जनताको हामी स्थानिय सरकारका जनप्रतिनिधिहरु जनताको दैनिक जीवनका काम र समाज विकासको कार्यलाई अझै कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर दिनरात खटिरहेका छौ। यसरी समग्रमा हामी स्थानिय सरकार र जनताहरु एक साथ विकास र सामाजिक रुपान्तरणमा संगसंगै हातेमालो गरिरहेका छौ भन्दा त्यत्ति अत्युक्ति नहोला ।

आदरणिय उपस्थित सभासद ज्यूहरु

जव हामी जनताद्धारा अनुमोदित भई स्थानिय सरकार बाघडोर सम्हाल्न देश र जनताको नाममा सपथ खाई काठेखोला गाउँपालिकाको कार्यालयमा छिर्यौ, जहाँ समस्यै समस्याहरुको चाङहरु थिए ।जनताहरुको असिमित चाहानाहरु थिए । विकासका कैयौ आवश्यकताहरु थिए ।कठिनाई र चुनौतिहरुका ठुला ठुला पहाडहरु थिए भने कहि कतै तिनै समस्या र चुनौतिका चाङहरुमा सम्भावनाहरु र सम्भाब्यताहरु पनि लुकेर बसेका थिए । हामी कत्ति पनि बिचलित नभई जनताको काम र विकासको गतिलाई निरन्तरता दिनको लागि लागि परिरहयौ। कुनै पनि गाउँ समाज, क्षेत्र र समुदायको सर्वाङ्गिन विकास हुन त्यहाँको भौगोलिक अवस्थिति, तथ्यगत विवरण, जन आकांक्षा र जनचाहाना बुझ्न नितान्त जरुरी हुन्छ। हामी सोही कुरालाई ध्यानमा राखी काठेखोला गाउँपालिकाको दिगो विकास सम्बन्धी बिस

बर्षे रणनैतिक गुरुयोजना निर्माणको पक्रियालाई अगाडि बढाउन आवश्यकता ठानी गुरु योजना निर्माण पक्रियालाई सञ्चालन गरेका छौ । गाउँपालिका भित्रका राजनैतिक पार्टीका प्रमुखहरु, शिक्षा क्षेत्रका शैक्षिक व्यक्तित्वहरु र अन्य सरोकारवालाहरु सहित स्थानिय जनप्रतिनिधिहरुको बिचमा छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भईसकेका छनभने अब प्रत्येक जनताको घरदैलो र बस्ती बस्तीमा पुगेर तथ्याङ्क लिन रवहाँहरुको चाहाना, ईच्क्षा र आकांक्षाहरु संकलन गर्न हाम्रा प्रतिनिधिहरुलाई खटाईसकिएको जानाकारी गराउन चाहन्छु । प्रत्येक वडाहरुमा त्यहाँको स्थानिय सामाजिक एवम बिकासप्रेमी ब्यक्तित्वहरुको प्रत्यक्ष संग्लग्नतामा बृहत भेला गरि बिस बर्षे गुरु योजना निर्माणका लागि थप राय सल्लाह, सुझाव एवम अवधारणा लिने कार्यक्रम पनि तय गरिसकिएको कुरा अवगत गराउन चाहन्छु । बिबिध बिषयमा राम्रो दखल राख्नुहुने नेपालकै अनुभवी एवम विबिध क्षेत्रका बिशेषज्ञ ब्यक्तित्वहरुद्धारा सहजीकरण गरिने उक्त बिस बर्षे दिगो विकास गुरुयोजना निर्माण कार्य निकै प्रभावकारी हुने आशा गरेको छु । उक्त कार्यमा प्रत्यक्ष सहभागि भई आफ्नो सल्लाह सुझाव सहित धारणा राखी सहयोग गरिदिनुहन पनि यसै कार्यक्रम मार्फत सबैमा आब्हान गर्न चाहन्छु ।

हामी संघिय संम्रचनाको नयाँ अभ्यासमा छौ । योजना तथा कार्यक्रमका प्रक्रियाहरु नयाँ र केही फरक हुनु स्वभाविक नै हो । त्यसैले योजनाहरुलाई कसरी प्रभावकारी ढंगले कार्यन्वयन गर्ने, योजना सञ्चालन प्रक्रियमा आई पर्ने बिबिध कठिनाईहरुलाई कसरी सहजीकरण गर्ने र योजना उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता एवम नेतृत्व विकासलाई कसरी बृद्धि गर्ने भन्ने अभिप्राय:ले काठेखोला गाउँपालिकाद्धारा प्रत्येक वाडहरुमा पुगी दुई दिने क्षमता विकास सम्बन्धी अभिमुखिकरण तालिम सञ्चालन गरिएको कुरा अवगत गराउन चाहन्छु । उक्त प्रशिक्षणले उनिहरुको क्षमता विकास संगै योजना सञ्चालन प्रक्रियामा निक्कै सहज भएको मैले महशुस गरेको छु ।साथै हाम्रा योजनाहरु समयमै सम्पन्न गर्न थप सजिलो होस भन्ने हेतुले चार जना प्राबिधिकहरु नियुक्ती गरि योजनाको कामलाई तिव्र गतिमा अगाडि बढाइएको छ ।

लामो समयको रिक्तता पश्चात हामी काठेखोला गाउँपालीकामा जनप्रतिनीधिको रुपमा आइरहदा हामीले पहिलो बैठकबाट निर्णय गरेका थीयौ कि, यस गाउँपालीकामा वितरण गरिने सामाजिक सुरक्षा भक्ता जनताको घर घरमा लगेर वितरण गर्ने , विद्युतका काठका पोलहरु विस्थापीत गरि फलामे पोल राख्ने, १२० गरिव, दलित तथा विपन्न परिवारलाई स्वास्थय विमा जस्ता महत्वकाक्षी निर्णय गरेका थियौ । आज करिव १० महिनाको अन्तरालमा हामीले गरेको कामको समिक्षा गर्ने हो भने सहि मार्गमा रहेको हामी पाउदछौं । काठेखोला गाउँपालिकाको सबै वाडहरुमा रहेको मोटरबाटोको तात्कालिन समस्यालाई ध्यानमा राखी ***हरेक वाड स्तरिय सडक*** को नाराका साथ यस गाउँपालिकाद्धारा पहिलो प्राथमिकताको सुचिमा राखी बिनियोजन भएको सडक निर्माण तथा मर्मत सुधार योजनालाई जनताले चाहेको, रोजेको, खोजेको, रुचाईएको र जनअपेक्षित योजनाको रुपमा लिईएको छ । त्यसैले त जनताको ब्यापक सहभागिता र जनसमर्थनमा काम तिब्र गतिमा अघि बढेको छ । जम्मा ७५ वटाको संख्यामा सडक निर्माण तथा स्तरोन्नतिको शिर्षकमा योजना बिनियोजन भएकोमा ३४ वटा योजनाहरु सम्पन्न भइसकेका छन भने ६६ वटा सडक योजनाहरु सम्झौता भई कार्यन्वयनका प्रक्रियामा रहेका छन । सामाजिक तथा आर्थिक विकासमा निक्कै महत्वपुर्ण भुमिका राख्ने सडक निर्माण प्रक्रियाको सम्पन्न संगै यातायातमा धेरै सहज बनाउनका लागि डुडिया ,पदलाघाट र जिरेदिमा तंत्काल हिमपाईपको प्रयोग गरि वडा नं. ३ धम्जा, वडा नं. ४ तंग्राम र वडा नं ७ रेशमामा बाह्रै महिना यातयात संचालन गरिनेछ । कुनै पनि राष्ट्र वा गाउँसमाजको सर्वाङ्गिन विकासको पहिलो सर्त त्यस राष्ट्र वा गाउँको शैक्षिक आधार नै मुख्य सर्त हुन आउछ । जवसम्म हामी शिक्षित र सचेत हुन सक्दैनौ तव सम्म हामीले जति विकास र परिवर्तनका योजनाहरु ल्याए पनि सभ्य र विकसित समाज निर्माण गर्न सक्दैनौ । त्यसैले शैक्षिक विकास हाम्रो प्राथमिकताको सुचिमा रहेको छ । आम जनताहरुको चासो, आवस्यकता र सरोकारको बिषय रहेको शैक्षिक विकासका योजनाहरु निकै प्रभावकारी ढंगले कार्यन्वयन हुनु यसको ज्वलनत उदारहण हो । काठेखोला गाउँपालिकाको शैक्षिक अवस्थालाई ध्यानमा राखी बिभिन्न समयमा बिभिन्न बिद्यालयका प्रधानाध्यापक तथा अन्य सरोकारवाला एवम शैक्षिक ब्यक्तित्वहरुसंग नियमिति अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु सञ्चालन गर्दै गुणस्तरिय शिक्षा प्रदानमा निक्कै महत्वका साथ ध्यान पुराइएको छ । बिभिन बिद्यालयहरुमा हुने बिद्यालय स्तरिय सभा गोष्ठी लगायतका शैक्षिक कार्यक्रमहरुमा प्रत्यक्ष सहभागि भइ बिद्यालयको अवस्था बुझ्ने र राय सल्लाह लिने दिने काममा पनि उत्तिकै ध्यान पुराईएको छ । भने लामो समय सम्मको छलफल, शैक्षिक ब्यक्तित्वहरुबाट लिइएको सुझाव र

गाउँपालिकाको शैक्षिक अवधारणा पश्चात काठेखोला गाउँपालिकाको शिक्षा निती पारित हुने अन्तिम चरणमा पुगेको छ भने आगामी शैक्षिक शत्र देखि यस गाउँपालीकामा रहेका ५६ विद्यालयहरु मध्ये १० माध्यमिक विद्यालयमा तत्काल **ई हाजीरि**को व्यवस्था गरिनेछ । सबै बर्ग क्षेत्र र समुदायको नागरिकहरुलाई आधारभुत तथा गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न गराउन जोडतोडका साथ लागि परिरहेका छौ । नेपाल सरकार द्वारा निशुल्क रुपमा बितरण गरिने औषधिलाई प्राप्त मात्रामा बितरण गर्न आवस्यक प्रक्रियाहरु अगाडि बढाएका छौ । कुनै पनि बालबालिकाहरु खोप लाउनबाट बन्चित हुन नपरोस भन्दै पुर्ण खोप सुनिस्चितताको लागि पुर्ण खोपयुक्त वडा घोषणा कार्यक्रमलाई पनि तिब्र गतिमा अगाडि बढाईएको छ । आगामी चैत्र १५ गते भित्र काठेखोला गाउँपालिकाको सबै वाडहरुलाई घोषणा गरि यस गाउँपालिकालाई पुर्ण खोपयुक्त वडा घोषणा गरिने छ भने नेपाल सरकारले लिएको लक्ष्य अनुसार सन २०३० सम्म नेपाललाई पुर्ण सरफाई युक्त नेपाल घोषण गर्ने क्रममा काठेखोला गाउँपालीकालाई सन २०१९ भीत्र पुर्ण सरसफाई युक्त गाउँपालीका घोषण गर्नका लागि सवै गाउँसभाका सभासद ज्यूहरुलाई सोहि अनुसार लाग्नका लागि आव्हान आग्रह गर्दछु । जलबायु परिवर्तनको असर संगै गाउँघरमा रहेका खानेपानीका मुलहरु बिस्तारै सुक्दै गहिरहेको अवस्थामा प्रत्येक वाडहरुमा रहेका खानेपानीका श्रोतहरुलाई संरक्षण गर्ने , परम्परागत खेति प्रणालीमा आएको परिर्वतनमा अनुकुलन काममा पनि उत्तिकै ध्यान दिनुका साथै यस गाउँपालीकाको स्रोत र साधनलाई उपयोग गर्ने नजिकका उपभोक्ताहरुसंग पर्यावरर्णीय भुत्तानीका अवसरहरुमा हाम्रो पहुच पुराउनुका साथै यसलाई संस्थागत गर्नमा ध्यान पुराईएको छ भने एकिकृत खानेपानी योजना सञ्चालन गरि एक घर एक धाराको अभियान पनि अभ्यासको रुपमा काठेखोला गाउँपालिका वडा नं. ६ मा ११५ धारा जडान र वडा नं. १मा सञ्चालन गरिएको छ ।

काठेखोला गाउँपालिकाका जनताहरुलाई ब्यवसायिक खेती प्रति आकर्षित गर्दै सिंगो गाउँपालिकाको पहिचान स्वरुप काठेखोला गाउँपालिकाको वडा नं. ६ बिहुँमा सुन्तला खेतिको पकेट क्षेत्र बिस्तारको कार्यलाई उत्तिकै चासोका साथ अगाडि बढाईको छ भने पूर्वाधार निमार्णमा वडा नं ६ मा १३, वडा नं. १,२,५र७ मा १/१ वटा कलस्टरमा वगैचामा भएका अन्य प्रजातीका रुख हटाउने कामहरु युद्ध स्तरमा संचालनमा रहेको छ । दलित तथा बिपन्न बर्गहरुको आर्थिक अवस्थालाई ध्यानमा राखी काठेखोला गाउँपालिकाको वडा नं.७ रेशमा रहेका सम्पुर्ण खरको छानो भएका घरहरुलाई बिस्थापित गर्दै ति सबै घरहरुमा जस्ता पातायुक्त घर निर्माण गर्न लागेको समेत अवगत गराउन चाहन्छु । पर्यटनको प्रवद्धन र विकासमा पनि उत्तिकै ध्यान दिदै काठेखोला गाउँपालिका वडा नं. ४ तंग्रामको बसन्ताप, सामुदायिक अतिथी भवन, वडा नं. ७ को मदन भण्डारी स्मृति पार्कलगायतका प्रर्यटकिय ठांउहरुमा प्रर्यटन प्रवद्धनका कामहरु सुचारु भइरहेको कुरा यहाँहरु समक्ष अवगत गराउदछु भने अन्य केही सम्भावनाहरु बोकेका घोडाबाँडे, रामकोट, शिवालय मन्दिर , लक्ष्मीनाराण मन्दिर, मोथेको धुरी, धम्जा देउराली, तिनचुलेलगायतका पर्यटकिय क्षेत्रहरुको अध्ययन तथा निरिक्षण गर्ने कामहरु पनि भईरहेको कुरा जानाकारी गराउन चाहन्छु । काठेखोला गाउपालीका भित्र रहेको विद्युतका काठका पोलहरुलाई विस्थापीत गरि फलामका पोलहरु राख्नका लागि प्रत्येक वडाहरुमा द्रुतगतिमा काम अगाडि वढाएको जानाकारी गराउदछु । काठेखोला गाउँपालिका भित्रको खेलकुद क्षेत्रलाई अझै थप प्रवद्धन गर्दै खेलकुद मैदान निर्माण, खेल सामाग्रीहरुको ब्यवस्थापन र बिबिध प्रतियोगितात्मक कार्यक्रमहरुलाई आर्थिक सहयोग जस्ता कार्यहरु गरि खेलाडिहरु प्रति थप हौशला र उत्प्रेरणा जगाउदै आएका छौ । काठेखोला गाउँपालिका वडा नं. ५ बिहुँमा सम्पन्न प्रदेश नं. ४ स्तरिय कराते प्रतियोगिता सञ्चालनमा यस गाउँपालिकाबाट आर्थिक, भौतिक एवम नैतिक सहयोग गरि खेलकुद क्षेत्रको विकासलाई थप उचाईमा पुराउन महत्वपुर्ण भुमिका खेलिएको छ । त्यसैगरि बागलुङ महोत्सवको अवसरमा भएको पश्चिमाञ्चल स्तरिय भलिवल प्रतियोगितामा यस गाउँपालिका भित्रका खेलाडिहरुलाई सहभागि गराईएको कुरा पनि यहाँहरु समक्ष अवगत गराउन चाहन्छु ।मानव जीवनमा आईपर्ने प्रकोप लगायत बिपद ब्यवस्थापनलाई सहजीकरण गर्न सामान्य भएपनि राहत उपलब्ध गराउदै आईरहेको रआगामी दिनमा यस कार्यलाई व्यवस्थीत वनाउनका लागि कार्यविधी तयार गरि सोहि अनुसार कार्यान्वय गरिने पनि जानाकारी गराउदछु । राज्यको मुल धार र बिकासको मुल प्रवाहबाट पछाडि परेका र पारिएका समावेशी बर्गको उत्थानमा जोड दिदै शसक्तिकरण तथा आय आर्जनका कार्यक्रमहरु पनि तिब्र गतिमा सञ्चालन गरिएको छ ।

अव म यस चालु आ.व.मा संचालीत योजनाको समष्टिगत विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

काठेखोला गाउँपालिकाकोचालु आ.व.२०७४/०७५ संचालीत योजनाहरु

| सि.नं. | शिर्षक | गाउ सभाबाट बिनियोजित संख्या | तोक आदेशबाट | कार्यपालिका को बैठकबाट | अन्य | जम्मा योजना संख्या | संभ्फौता भएका योजना | संपन्न योजना संख्या | संभ्फौता गर्न बाकि | संभ्फौता भै अन्तिम भेक्तानी लान बाकि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सडक | ६६ | १ | ८ | | ७५ | ६२ | ३४ | १३ | २८ | |
| २. | शिक्षा | ५७ | १ | | | ५८ | ४४ | ८ | १४ | ३६ | |
| ३. | सिंचाई | २१ | १ | | २ | २४ | १५ | २ | ९ | १३ | |
| ४. | खानेपानी | ३१ | १ | | | ३२ | १७ | १ | १५ | १६ | |
| ५. | स्वास्थ्य | १३ | | | | १३ | ५ | १ | ८ | ४ | |
| ६. | कृषि तथा पशुपालन | ३० | | | | ३० | १० | ५ | २० | ५ | |
| ७. | पर्यटन | २५ | | | | २५ | १० | १ | १५ | ९ | |
| ८. | बिपत व्यवस्थापन र जलाधार | १९ | | | | १९ | २ | | १७ | २ | |
| ९. | सामजिक समावेसी र लक्षित वर्ग | २८ | १ | | | २९ | ८ | १ | २१ | ७ | |
| १०. | खेलकुद | १७ | | | | १७ | ७ | १ | १० | ६ | |
| ११. | सूचना प्रविधि, अनुसन्धान, वन तथा अन्य कार्यक्रम | २४ | | | | २४ | ५ | २ | १९ | ३ | |
| १२. | भवन | ६ | | | | ६ | ३ | २ | ३ | १ | |
| १३. | बिधुत | ६ | | | | ६ | ३ | १ | ३ | २ | |
| | जम्मा | ३४३ | ५ | ८ | २ | ३५८ | १९१ | ५९ | १६७ | १३२ | |

यसरी योजनाको संचालनको कममा गाउँपालीकाको चालु तथा पुजिगत शिर्षकबाट भएको माघ मसान्त २०७४ सम्मको खर्च विवरण पेश गर्ने अनुमिति चाहान्छु ।

**पुजिगत तर्फ**

कुल बजेट : रु ११,७२,७०,०००।

खर्च : रु २,३१,२६,०००।

**चालु खर्च**

कुल जम्मा :   रु ४,००,००,०००।
खर्च :         रु     ७५,४६,५६०।

अन्तमा यस गाउँपालीकाको यो दोश्रो गाउँसभामा माथि उल्लेखित कार्यक्रमहरुको समिक्षात्मक ढंगबाट यहाहरुको सुझावहरुको अपेक्षा गर्दछु भने खर्च तथा प्रस्तावित कार्यक्रमहरुलाई यो सभाद्धारा अनुमोदन तथा स्वीकृति गरिदिनुहुनका लागि समेत अनुरोध गर्दछु ।

अमर बहादुर थापा
अध्यक्ष
काठेखोला गाउपालीका
बागलुङ

मिति :– २०७४/११/२७

गाउँपालीकाको नियमित कार्य संचालनका लागि निम्नानुसारका कार्यविधी तयार गरि यस गाउसभामा पेश गरेको छु पारित गरिदिनुहुनका लागि समेत प्रस्ताव गर्दछु ।

१. स्थानिय तहको आर्थिक कार्यविधी २०७४
२. वजार अनुगमन कार्यविधी २०७४
३. गाउँपालीकाको श्रोत परिचालन कार्यविधी २०७४
४. विपद व्यवस्थापन कार्यविधी २०७४
५. व्यवसाय दर्ता विनीयमावलि २०७४
६. सेवा करार कार्यविधी २०७४